# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः६ मितिः २०८१।०६।२०


## भाग-२

# कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः**

सुनिलस्मृति गाउँपालिकाबाट सञ्चालन हुने कृषि विकास सम्बन्धि कार्यक्रमहरुलाई सरल, सहज, छिटो, छरितो, पारदर्शी, प्रभावकारी एवम् सेवामूखी बनाउन तथा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रममा निश्चित विधि र प्रकृया अपनाई एकरुपता कायम राखि सञ्चालन गर्न वाञ्छनिय भएकोले नेपालको संविधान, २०७२ को अनुसूची ८ र

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ २ (ण) ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि स्वीकृत गरि लागू गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधीको नाम **"सुनिलस्मृति गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"** रहेको छ।

ख) यो कार्यविधी सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"गाउँपालिका"** भन्नाले सुनिलस्मृति गाउँपालिकालाई जनाउदछ।

ख) **"कार्यविधि"** भन्नाले सुनिलस्मृति गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१ लाई जनाउदछ।

ग) **"कार्यालय प्रमुख"** भन्नाले सुनिलस्मृति गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउदछ।

घ) **"अनुदान"** भन्नाले सुनिलस्मृति गाउँपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि उत्पादन, प्रशोधन, मुल्य अभिवृद्धि, बजारीकरण वा कृषिको आधुनिकीकरण र व्यवसायिकरणका लागि अनुदानग्राहीलाई प्रदान गरिने उत्पादन सामाग्री (जिन्सी) वा नगद सहुलियतलाई जनाउदछ।

ङ) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि बमोजिम छनौंट भएका कृषक, कषि उद्यमी, कृषक समूह, कृषि सहकारी, कृषि विकाससँग सम्बन्धित समिति र कृषि व्यवसायी सम्झनुपर्दछ।

च) **"परिवार"** भन्नाले अनुदानग्राहीको एकाघर परिवार सम्झनुपर्दछ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन सम्बन्धि व्यवस्था

### ३. कार्यक्रम कार्यान्वयन प्रकृया

क) गाउँपालिकाले स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि अनुसूची १ बमोजिमको ७ देखी १५

दिन सम्मको सार्वजनिक सूचना प्रकाशन गरि प्रस्ताव आह्वान गर्नेछ।

ख) सूचनामा उल्लेख भए बमोजिम कार्यक्रम सञ्चालनका लागि उपयुक्त र ईच्छुक प्रस्तावकहरुले अनुसूची-२ बमोजिमको आवेदन, अनुसूची-३ बमोजिमको व्यवसायिक योजना, अनुसूची ४ बमोजिमको स्व-घोषणा र अन्य आवश्यक कागजातहरु संलग्न राखी निर्धारित समय भित्र गाउँपालिकामा आवेदन दर्ता गर्नुपर्नेछ।

ग) दफा ३ को उपदफा क बमोजिम सूचनाका आधारमा निर्धारित समयभित्र पर्याप्त निवेदनहरु दर्ता हुन नआएमा गाउँपालिकाले ७ दिन सम्म म्याद थप गर्न सक्नेछ।

घ) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन।

ङ) प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौंट, फिल्ड भेरिफिकेसन र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताव सिफारिस समिति रहनेछ।

१) गाउँपालिका उपाध्यक्ष –संयोजक

२) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

३) आर्थिक विकास समितिको संयोजक –सदस्य

४) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्माचारी –सदस्य

५) कृषि विकास शाखा प्रमुख –सदस्य सचिव

च) सिफारिस समितिले अनुसूची ५ बमोजिमका सूचकहरुको आधारमा प्रस्तावहरुको स्थलगत प्रमाणिकरण तथा मुल्यांकन गर्नुपर्नेछ, मुल्यांकन गर्दा ५०% भन्दा कम अंक प्राप्त भएमा अनुदानको लागी अयोग्य हुनेछ।

छ) सिफारिस समितिले आवश्यक ठानेमा रितपुर्वक पेश हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौंट सहितको सूची पेश गर्नको लागि कृषि शाखालाई जिम्मेवारी दिन सक्नेछ।

ज) कार्यक्रममा सहभागिताका लागि प्राप्त आवेदनहरुको अनुसूची ५ बमोजिमको मुल्यांकनको आधारहरुमा सिफारिस समितिले सिफारिस गर्नेछ।

झ) समितिले प्राप्त आवेदनहरुको मुल्यांकन गरि प्राथमिकताक्रम तोकी निर्णयका लागि कार्यालय प्रमुख समक्ष पेश गर्नेछ।

ञ) कार्यालय प्रमुखको स्वीकृति पश्चात छनौंट भएका र वैकल्पिक सूचिमा परेका आवेदकहरुको नामावली र सम्झौता गर्न आउने म्याद समेत तोकी गाउँपालिकाको सूचना पाटि र वेवसाईटमा प्रकाशन गरिनेछ।

## ४. अनुदान सम्बन्धी व्यवस्था

क) अनुदान उपलव्ध गराउदा एक अनुदानग्राहीलाई एक आर्थिक वर्षमा एउटा कामको लागी मात्र अनुदान उपलब्ध गराइनेछ।

ख) एकपटक संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका वा अन्य कुनै आयोजनाबाट अनुदान लिएको अनुदानग्राही वा उसको एकाघरको सदस्यलाई ३ वर्षसम्म सोहि प्रकृतिको अनुदान उपलव्ध गराइने छैन।

ग) गाउँपालिकाबाट उपलब्ध गराइने अनुदान रकम दफा १२ को मापदण्ड बमोजिम हुनेछ।

घ) एकै समूह, संस्थालाई रु. ५ लाख र कृषकलाई रु. २ लाख भन्दा बढिको लागत अनुमाण भएको परियोजनाको हकमा गाउँ कार्यपालिकाको निर्णय अनुसार अनुदान प्रदान गरिनेछ।

५. **अनुदान रकमको निर्धारणः** कार्यालयले प्रस्ताव मुल्यांकन तथा सिफारिस समितिको सिफारिसमा अनुदानग्राहीलाई उपलब्ध गराउने अनुदान रकम स्वीकृत कार्यक्रम अनुसार निर्धारण गर्नेछ।

६. **अनुदानग्राहीसँग सम्झौता गर्नुपर्नेः** कार्यालयले अनुदानग्राहीको छनौंट र अनुदान रकमको निर्धारण भए पश्चात अनुदान ग्राहीसँग सम्झौता गर्नुपर्नेछ।

७. **सम्झौंता बमोजिम सञ्चालन हुनेः** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै दातृ निकायको सहयोगमा सञ्चालित कार्यक्रम वा आयोजनाका क्रियाकलापहरु सञ्चालन गर्दा गाउँपालिका र दातृ निकाय बीच भएको सम्झौता वा आयोजना कार्यान्वयन दस्तावेज बमोजिम सञ्चालन हुनेछ।

८. **दोहोरो सुविधा लिन नपाउनेः** अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढि निकायबाट

अनुदान प्राप्त गर्न सक्ने छैन। एकै प्रकृतिको कामको लागि एक भन्दा बढि निकायबाट अनुदान प्राप्त गरेको देखिएमा ३ वर्ष सम्म उहिँ र उस्तै प्रकृतिका अन्य अनुदान समेत प्रदान गरिनै छैन।

९. **अनुदानग्राही जिम्मेवार हुनेः** कुनै कारणवस (काबु बाहिरको परिस्थिति बाहेक) सम्झौता अनुरुप तोकिएको समय भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्ध भएमा वा अनुदानको रकम भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ।

१०. **भुक्तानी प्रकृयाः** अनुदानग्राहिले सम्झौंता बमोजिमको कार्य सम्पन्न गरे पश्चात कार्यसम्पन्न प्रतिवेदन सहित बिल बिजक, भरपाई एवम् फोटोग्राफ सहित आवश्यक कागजात संलग्न राखी भुक्तानिको लागि अनुरोध गरेमा गाउँपालिकाबाट स्थलगत निरिक्षण एवम् मुल्याङ्कन गरि मनासिव ठहरेमा सम्झौता अनुसारको रकम एकमुष्ट भुक्तानी हुनेछ।

**११. अनुगमनः**

क) यस कार्यविधि बमोजिम देहायअनुसारको अनुगमन समिति रहनेछः

१) गाउँपालिका उपाध्यक्ष –संयोजक

२) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

३) कृषि विकास शाखा प्रमुख –सदस्य सचिव

आवश्यकता अनुसार अनुगमन समितिले सम्बन्धित सरोकारवालाहरु बाट र सम्बन्धित विषय विज्ञ प्राविधिकहरुलाई आमन्त्रण गरि अनुगमन गर्न सक्नेछ।

ख) कार्यालयले अनुदानको उपयोग, प्रगतिको अवस्था र कार्यविधि बमोजिम सर्तहरु पालना भए नभएको सम्बन्धमा नियमित अनुगमन तथा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालना गर्नु सम्बन्धित साझेदारको कर्तव्य हुनेछ।

ग) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होडिङ्ग बोर्ड तयार गरि अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरि सार्वजनिक जानकारीका लागि राख्नुपर्नेछ।

परिच्छेद ३

## कार्यक्रमको मापदण्ड

१२. कार्यक्रमको मापदण्ड देहाय बमोजिम हुनेछ।

| **क्र. स.** | **कार्यक्रमको नाम** | **आवश्यक न्यूनतम प्राविधिक मापदण्ड** | **आर्थिक मापदण्ड** |
| --- | --- | --- | --- |
| १ | **एक समूह एक उत्पादन/ एक फर्म एक उत्पादन कार्यक्रम** | यो कार्यक्रम व्यवसायिक कृषक/ कृषक समूह/कृषि सहकारीहरु मार्फत व्यवसायिक रुपमा उच्च मुल्य बाली वस्तुहरुको उत्पादन गरि आर्थिक समृद्धिमा सहयोग गर्न लक्षित हुनेछ।<br>• **अदुवा/बेसारः** फर्मको हकमा न्यूनतम दुई | ✓ **अदुवा/बेसारः** उन्नत बीउ खरिदमा ७५% मुल्य अनुदान।<br>✓ **लसुन/प्याजः** बीउ खरिदमा ७५% मुल्य अनुदान।<br>✓ **आलुः** आलुको बीउ (Tuber/PBS) खरिदमा ७५% मुल्य अनुदान।<br>✓ **व्यवसायीक तरकारी उत्पादन कार्यक्रमः**<br>• प्लाष्टिक टनेल, थोपा सिँचाई |

| | | | |
|---|---|---|---|
| | | रोपनी र समूह/सहकारीको हकमा ०.५ हेक्टर (१० रोपनी) जमिनमा खेती गर्नुपर्ने,<br>• **लसुन/प्याजः** फर्मको हकमा न्यूनतम एक रोपनी र समूह/सहकारीको हकमा न्यूनतम ०.५ हेक्टर (१० रोपनी) जमिनमा खेती गर्नुपर्ने,<br>• **आलुः** फर्मको हकमा न्यूनतम दुई रोपनी र समूह/सहका | सेट, स्प्रेयर टयांकि, मल्चिङ्ग प्लाष्टिक खरिदमा ५०% मुल्य अनुदान,<br>• बीउ खरिदमा ७५% मुल्य अनुदान।<br>✓ **मौरीपालन कार्यक्रमः** मौरी गोला, घार तथा मौरीपालन सम्बन्धी अन्य सामाग्री खरिदमा ५०% मुल्य अनुदान। |

| | | | |
|---|---|---|---|
| | | रीको हकमा न्यूनतम एक हेक्टर जमिनमा खेती गर्नुपर्ने,<br>• **व्यवसायीक तरकारी उत्पादन कार्यक्रमः** फर्मको हकमा न्यूनतम दुई रोपनी र समूह/सहकारीको हकमा न्यूनतम ०.५ हेक्टर (१० रोपनी) जमिनमा खुला जमिन तथा संरचना निर्माण गरि खेती गर्नुपर्ने।<br>• **मौरीपालन** | |

| | | | |
|---|---|---|---|
| | | **कार्यक्रमः** फर्मको हकमा न्यूनतम १० घार र समूह/सहकारीको हकमा न्युनतम ५० आधुनिक मौरीघारमा मौरीपालन गर्नुपर्ने वा ५० आधुनिक घार थप गर्नुपर्ने। | |
| २ | **यूवा लक्षित कृषि विकास कार्यक्रम।** | यो कार्यक्रममा कृषि व्यवसायमा संलग्न हुन चाहने बैदेशिक रोजगारबाट फर्केका तथा अन्य स्थानीय यूवा यूवती (१८-५० वर्षका) लाई | ✓ **व्यमौसमी तरकारी उत्पादन कार्यक्रमः**<br>• स्थायी/अर्धस्थायी टनेल निर्माण, थोपा सिँचाई सेट, स्प्रेयर ट्यांकि, मल्चिङ्ग प्लाष्टिक खरिदमा ५०% |

| | | | |
|---|---|---|---|
| | | व्यवसायिक उत्पादन कार्यमा लगाउन लक्षित हुनेछ।<br>• **व्यमौसमी तरकारी उत्पादन कार्यक्रमः** थप ३ वटा स्थायी/अर्धस्थायी टनेल सहित कम्तिमा २ रोपनी जग्गामा खेती गर्नुपर्ने।<br>• **मह उत्पादन कार्यक्रमः** न्यूनतम १० वटा आधुनिक घारमा मौरीपालन गर्नुपर्नेछ वा १० आधुनिक मौरीघार थप | मुल्य अनुदान,<br>• बीउ खरिदमा ७५% मुल्य अनुदान।<br>✓ **मह उत्पादन कार्यक्रमः** मौरी गोला, घार तथा मौरीपालन सम्बन्धी अन्य सामाग्री खरिदमा ५०% मुल्य अनुदान।<br>✓ **कागती खेतीः** विरुवा खरिदमा ७५% मुल्य अनुदान। |

| | | | |
|---|---|---|---|
| | | गर्नुपर्नेछ।<br>• **कागती खेतीः** न्युनतम ४ रोपनी जमिनमा १०० विरुवा रोप्नुपर्ने। | |
| ३ | **कृषकको मागमा आधारित कार्यक्रम** | **अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** कृषक समूह, कृषि सहकारी, कृषि फर्म आदि।<br>✓ वार्षिक कार्यक्रममा समावेश नभएका तथा कृषकहरुको अत्याधिक माग रहेका र यस क्षेत्रमा भौगोलिक | कार्यक्रम सञ्चालनः **५०% अनुदान** कृषक समूह/कृषि सहकारीको हकमा अधिकतम् एक लाख र कृषि फर्मको हकमा अधिकतम् पचास हजार सम्म अनुदान उपलब्ध गराइनेछ।<br>✓ **च्याउ उत्पादन कार्यक्रमः** स्थायी/अर्धस्थायी टहरा निर्माण, च्याउको बीउ, च्याउ उत्पादन गर्ने प्लाष्टिक, पराल उमाल्ने ड्रम तथा |

| | | | |
|---|---|---|---|
| | | संभाव्यता बोकेका कार्यक्रमहरु समावेश गरिनेछ।<br>क) **च्याउ उत्पादन कार्यक्रमः**<br>**कन्य च्याउको हकमाः** १४ फिट चौडाई र २२ फिट लम्बाई ८-१० फिट उचाइका कम्तिमा दुई वटा टहरामा च्याउ खेती गर्नुपर्नेछ।<br>ख) **गड्यौले मल उत्पादन कार्यक्रमः**<br>✓ **भर्मि** | अन्य सामाग्री खरिदमा बढिमा ५०% मुल्य अनुदान।<br>✓ **गड्यौले मल उत्पादन कार्यक्रमः** गड्यौंला खरिद तथा पुर्वाधार निर्माणमा अधिकतम् ५०% अनुदान। |

| | | | |
|---|---|---|---|
| | | **कम्पोष्ट बेडको आकारः–** लम्बाई ३ मिटर चौडाई १ मिटर गहिराई १ मिटरका २ वटा सँगै जोडिएका बेड<br>✓ **भर्मि कम्पोष्ट बेडको छानाको आकारः–** लम्बाई ३.६ मिटर चौडाई १.६ मिटरको (छानाको लागि निर्माण | |

| | | | |
|---|---|---|---|
| | | सामाग्री स्थानीय श्रोत साधनको प्रयोग गर्न सकिने)<br>✓ **गड्यौला खरिद परिमाणः–** न्यूनतम् २० के.जी. | |
| ४ | **कृषि उत्पादन सामाग्री तथा यान्त्रिकरण मा अनुदान** | **अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** कृषक समूह, कृषि सहकारी, कृषि फर्म आदि। | ✓ **कृषि उत्पादन सामाग्रीः** स्प्रेयर ट्यांकी (२ लि, १६ लि.), क्यारेट, काँटछाँटका सामाग्री (सिकेचर, प्रुनिङ स), कृषि चुन खरिदमा ७५% मुल्य अनुदान।<br>✓ **कृषि यन्त्र उपकरणः** मिनि-टिलर, खाडल खन्ने मेशिन, डिजिटल तराजु खरिदमा |

| | | | |
|---|---|---|---|
| | | | ५०% मुल्य अनुदान। |
| ५ | **तरकारीको कम्पोजिट सिडकिट वितरण** | **अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म आदि।<br>• कृषकहरुलाई वर्षैभरी नियमित सेवाको रुपमा मौसम अनुसारका तरकारीका बीउहरु उपलब्ध गराईनेछ। | **तरकारीका कम्पोजिट बीउः** १००% अनुदान। |
| ६ | **वर्षे फलफुलका विरुवा वितरण** | **अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म आदि।<br>• आप, लिचि, | **विरुवा वितरणः** ७५% मुल्य अनुदानमा वितरण गरिनेछ। |

| | | | |
|---|---|---|---|
| | | अनार, केरा, अम्बा, एभोकाडो, कागती आदि। | |
| ७ | **व्यवसायिक कृषकहरुलाई उन्नत कृषि प्रविधि हस्तान्तरण कार्यक्रम** | **तरकारी खेतीः**<br>• न्यूनतम २ रोपनी जमिनमा खेती गरेको हुनुपर्ने र कम्तिमा थप ३ रोपनीमा खेती गर्नुपर्ने। | **अनुदानको सिमाः** प्रति कृषक रु. ५० हजार नबढ्ने गरि। |
| ८ | **खाद्यान्न बालीको उन्नत तथा हाइब्रिड बीउ वितरण** | **अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म आदि। | **खाद्यान्न बालिको उन्नत तथा हाइब्रिड बीउः** ७५% अनुदानमा वितरण गरिनेछ। |
| ९ | **आकस्मिक बाली संरक्षण सेवा** | • औषधि/विषादी खरिद गरि कृषकहरुलाई आवश्यकता | **औषधि/विषादीः** १००% अनुदान। |

| | | | |
|---|---|---|---|
| | | अनुसार उपलब्ध गराउने।<br>• कृषि प्राविधिकलाई बाली संरक्षण कार्यमा आवश्यक पर्ने सामानहरुः पञ्जा, मास्क, एप्रोन, बुट, चस्मा आदि आवश्यकता अनुसार खरिद गर्न सकिने। | |
| १० | **माटोको नमुना लिने तथा माटो परिक्षण शिविर सञ्चालन कार्यक्रम** | कृषकले माटोको नमुना संकलन गरि शिविर सञ्चालन भएको स्थानमा गई नमुना परिक्षण गराउनुपर्ने, | **ग)** आवश्यक सामाग्री खरिद गरि माटोको नमुना निशुल्क रुपमा परिक्षण गर्ने।<br>**घ)** माटो सुधारका लागी कृषकहरुलाई कृषि |

| | | | |
|---|---|---|---|
| | | | चुन/जिप्सम निशुल्क उपलब्ध गराइनेछ। |

परिच्छेद ४

## खारेजी र बचाउ

१३. यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार र अन्य प्रचलित कानूनसँग बाझिएको हकमा बाँझिएको हदसम्म अमान्य हुनेछ। साथै गाउँ कार्यपालिकाबाट यस आ.व. देखी कृषि विकास कार्यक्रम सञ्चालन सहयोग सम्बन्धमा भएका निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूची-१

## प्रस्ताव आह्वानको सूचना (नमुना)

प्रथम पटक प्रकाशित मितिः....................

प्रस्ताव पेश गर्ने अन्तिम मितिः.................

यस सुनिलस्मृति गाउँपालिका कृषि विकास शाखाको चालु आ.व.............को वार्षिक स्वीकृत तपशिलका कार्यक्रमहरु "सुनिलस्मृति गाउँपाललिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१" बमोजिम सञ्चालन गर्न इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्मले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्रस्ताव पेश गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौंटका लागि समावेश हुन नसक्ने व्यहोरा जानकारी गराईन्छ।

तपसिलः

| क.स. | कार्यक्रमको नाम | न्यूनतम प्राविधिक मापदण्ड | लक्ष्य | विनियोजित बजेट | आर्थिक मापदण्ड |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः

१. अनुसूची २ बमोजिमको प्रस्ताव पत्र।

२. अनुसूची-३ बमोजिमको व्यवसायिक योजना।

३. निवेदकको नागरिकताको प्रतिलिपी।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

५. समूह/संस्था/फर्म दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि।

६. समूह/संस्थाको बैठकको निर्णय प्रतिलिपि।

७. समूह/संस्था/फर्मको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपि।

८. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

९. जग्गा धनिपुर्जा प्रमाणपत्रको प्रतिलिपि, भाडामा लिएको भए सम्झौता पत्रको प्रतिलिपी।

१०.कार्यक्रमको प्रकृति अनुसार थप कागजातहरु आवश्यउक परेमा उल्लेख गर्न सकिने।

अनुसूची-२

## अनुदानका लागि आवेदन फारम (नमुना)

मितिः....................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सुनिलस्मृति गाउँपालिका
सुलिचौर, रोल्पा।

विषयः कार्यक्रममा प्रस्ताव पेश गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ गाउँपालिकाबाट मिति ............................गते प्रकाशित सार्वजनिक सूचना बमोजिम आवश्यक कागजात सहित हामो.......................................................... समूह/ सहकारी/समिति/कृषि फर्मका सदस्यहरुले ..............................................कार्यक्रममा लागत साझेदारिमा कार्यक्रम सञ्चालन गर्न इच्छुक भएकोले सहभागी गराई दिनुहुन यो निवेदन पेश गरेको छु/छौं।

| |
|---|
| **<u>निवेदकः</u>** |
| **दस्तखतः** |
| **नामः** |
| **पदः** |
| **सम्पर्क नः** |

**<u>निवेदन साथ संलग्न कागजातहरुः</u>**

१. समूह/संस्था/स मिति/कृषि फर्म दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि।
२. अनुसूची ३ बमोजिमको व्यवसायीक योजना।
३. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिनको) विवरण।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी।
५. समूह/संस्थाको बैठकको निर्णय प्रतिलिपि।
६. स्थायी लेखा नं. (PAN) दर्ताको प्रतिलिपी।
७. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

अनुसूची-३

## व्यवसायिक योजना (नमुना)

### १. संस्थाको संक्षिप्त विवरणः

| | |
|---|---|
| आवेदक व्यक्ति/संस्थाको नामः | |
| ठेगानाः | |
| सदस्य संख्याः | |
| संस्था स्थापना भएको मितिः | |
| दर्ता भएको मिति र निकायः | |
| स्थायी लेखा (PAN) नम्बर | |
| सम्पर्क व्यक्तिको नामः | |
| समपर्क नं. | |
| ईमेल ठेगानाः | |

### २. संस्थाको अनुभव र अन्य विवरणः

| | |
|---|---|
| बिगतमा सम्पन्न गरेको कार्य, अनुभव तथा तालिमको संक्षिप्त विवरण (प्रस्तासँग सम्बन्धित) | १.<br>२.<br>३.<br>४. |
| विद्यमान वित्तिय क्षामता, जनशक्ति र भौतिक श्रोत साधनको विवरण (बुदागत रुपमा) | १.<br>२.<br>३.<br>४. |

## ३. कार्यक्रम सञ्चालन सम्बन्धि समस्या, औचित्य, उद्धेश्य तथा लाभान्वित घर परिवार संख्याः

| | |
|---|---|
| संस्थाले भोगेका वा अनुभुत गरेका व्यवसायगत समस्या (बुदागत रुपमा) | १.<br>२.<br>३.<br>४. |
| प्रस्ताव किन र के कामका लागि पेश गरिएको हो? | |
| कार्यक्रममा लैंङ्गिक तथा सामाजिक समावेसिता | |

| | |
|---|---|
| लाभांवित घर परिवार संख्या | |
| रोजगारी सृजनाको अवस्था (संख्यामा) | प्रत्यक्षः |
| | अप्रत्यक्षः |

## ४. अपेक्षित उपलब्धिहरुः

| | |
|---|---|
| क्षेत्रफल/संख्यामा वृद्धिः | |
| वार्षिक उत्पादनमा वृद्धिः | |
| समुदायमा पर्ने सकारात्मक प्रभावः | |
| कार्यक्रमले पार्ने वातावरणिय प्रभावः | |
| लाभान्वित वर्गको रोजगारीको अवस्था/ जिवनस्तरमा आउने सुधारः | |

## ५. आर्थिक प्रस्तावः

| क्र.स. | सञ्चालन गरिने मुख्य-मुख्य क्रियाकलापहरु | इकाई | परिमाण | दर रु. | कुल लागत रु. | प्रस्तावकले व्यहोर्ने रकम रु. | कार्यालयले व्यहोर्ने रकम रु. | प्रस्तावकले व्यहोर्ने रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५.. .... | | | | | | | | |
| जम्मा | | | | | | | | |

## ६. विगत ३ वर्षमा आफै वा एकाघरको सदस्यले विभिन्न निकायबाट प्राप्त अनुदानको विवरणः

| क्र.स. | कार्यक्रमको नाम | अनुदान प्राप्त गर्नेको नाम | अनुदान प्राप्त भएको आ.व. | अनुदान दिने निकाय | अनुदानबाट प्राप्त रकम रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

## ७. जिम्मेवार पदाधिकारी

दस्तखतः

सम्पर्क नं.

नामः

संस्थाको छापः

पदः

अनुसूची-४

## समान प्रकृतिको अनुदान नलिएको स्व-घोषणा

सुनिलस्मृति गाउँपालिकाको मिति..................को सार्वजनिक सूचना अनुसार सुनिलस्मृति गाउँपालिका .....नं. वडा.............गाउँ/टोलमा रहेको श्री...........................................ले.................. ....................कार्यक्रम सञ्चालनका लागि पेश गरेको व्यवसायिक योजनासंग मेल खाने कार्यका लागि विगत तिन वर्ष भित्र संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका वा अन्य कुनै पनि प्रकारका आयोजनाबाट अनुदान नलिएको स्वघोषण गर्दछु/गर्दछौ। अन्यथा फेला परेर कसुरदार ठहरिएमा सम्झौता रद्ध लगायत नियमानुसार अन्य सजाय भोग्न समेत तयार छु/छौं।

अनुसूची ५

## स्थलगत मुल्यांकनका आधाहरु

| क्र.स. | मुल्यांकनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | **भौतिक क्षमता** | २० | | |
| १.१ | **आवेदकको विगतको काम र प्रस्तावित कार्यक्रम बीचको तालमेल** | ५ | | |
| | विगतमा गरेको काम भन्दा फरक काम प्रस्ताव गरेको | ० | | |
| | विगतको कामसँग तालमेल भई कम्तिमा १ वर्ष देखि सोही काम गरेको | २ | | |
| | विगतको कामसँग तालमेल भई कम्तिमा २ वर्ष देखि सोही काम गरेको | ४ | | |
| | विगतको कामसँग तालमेल भई कम्तिमा ३ वर्ष वा सो भन्दा बढि समय देखि सोही काम गरेको | ५ | | |
| १.२ | **भविष्यमा कार्यक्रम विस्तारका लागि संभावना रहेको/नरहेको** | ५ | | |
| | शुरुवात नै नभएको वा | ० | | |

| | | | | |
|---|---|---|---|---|
| | शुरुवातको लागी प्रस्ताव गरेको व्यवसाय | | | |
| | सञ्चालनमा रहेको र हालको उत्पादनमा २५% वृद्धि गर्ने सम्भावना | २ | | |
| | सञ्चालनमा रहेको र हालको उत्पादनमा ५०% वृद्धि गर्ने सम्भावना | ४ | | |
| | सञ्चालनमा रहेको र हालको उत्पादनमा १००% वृद्धि गर्ने सम्भावना | ५ | | |
| **१.३** | **व्यवसाय अनुसार पुर्वाधारको व्यवस्था (जग्गा तथा भवन आदि)** | **५** | | |
| | प्रस्तावित व्यवसायका लागि पर्याप्त जग्गा भाडामा लिएको | २ | | |
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा भएको | ४ | | |
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा तथा भवन | ५ | | |

| | | | | |
|---|---|---|---|---|
| | लगायतका पुर्वाधार भएको | | | |
| १.४ | **कार्यक्रम कार्यान्वयन स्थलमा बजार पहुँच, पुर्वाधार व्यवस्था** | **५** | | |
| | कार्यक्रम स्थलमा बाटो, विद्युत, ढुवानी साधन र बजारसँग पहुँच नभएको | ० | | |
| | सम्भाव्यता बजारसँग कच्ची मोटरबाटो जोडिएको विद्युत र ढुवानी साधन उपलब्ध हुन सक्ने | २ | | |
| | सम्भाव्यता बजारसँग मोटरबाटो जोडिएको विद्युतको व्यवस्था रहेको | ४ | | |
| | सम्भाव्यता बजारसँग कालोपत्रे मोटरबाटो जोडिएको, पर्याप्त ढुवानी साधन र विद्युतको व्यवस्था रहेको | ५ | | |
| २ | **प्राविधिक क्षमता** | २० | | |
| २.१ | **भौगोलिक र प्राविधिक उपयुक्तता** | **५** | | |
| | भौगोलिक हिसावले उपयुक्त | ३ | | |
| | प्राविधिक दृष्टिकोणले | ० | | |

| | | | | |
|---|---|---|---|---|
| | आवश्यक उत्पादन सामाग्रीको उपलव्धता र गुणस्तरबाँरे जानकारी नभएको | | | |
| | प्राविधिक दृष्टिकोणले आवश्यक उत्पादन सामाग्रीको उपलव्धता र गुणस्तरबाँरे जानकारी भएको | २ | | |
| **२.२** | **प्राविधिक कार्यक्रममा सम्बद्ध क्रियाकलापहरुमा नविन प्रविधिको समावेश** | **५** | | |
| | नविन प्रविधिको समावेश छैन | ० | | |
| | कम्तिमा एउटा नविन प्रविधिको समावेश | २ | | |
| | कम्तिमा दुई वटा नविन प्रविधिको समावेश | ३ | | |
| | दुई वटा भन्दा बढि नविन प्रविधिको समावेश | ५ | | |
| **२.३** | **आवश्यक प्रविधि/प्राविधिक सेवा सम्बन्धी व्यवस्था** | **५** | | |
| | प्राविधिक सेवा सम्बन्धी कुनै व्यवस्था नभएको | ० | | |
| | विभिन्न तहका सरकारका | ३ | | |

| | | | | |
|---|---|---|---|---|
| | निकायसँग प्राविधिक सेवा लिने | | | |
| | स्थानीय स्रोत व्यक्ति/व्यवसायिक फर्मबाट प्राविधिक सेवा टेवाको व्यवस्था | ३ | | |
| | आफै/आफ्नै श्रोतबाट प्राविधिकको व्यवस्था गरेको | ५ | | |
| **२.४** | **आवेदकले प्रस्ताव गरेको कार्यका लागि तालिम वा सोहि कार्यमा काम गरेको प्रमाण** | **५** | | |
| | सम्बन्धित विषयमा ३ दिन सम्मको तालिम लिएको | २ | | |
| | सम्बन्धित विषयमा ७ दिन सम्मको तालिम लिएको वा अरुको फर्ममा १ वर्षसम्म सोहि काम गरेको | ४ | | |
| | सम्बन्धित विषयमा ७ दिन सम्मको तालिम लिएको वा अरुको फर्ममा १ वर्ष भन्दा बढि सोहि काम गरेको | ५ | | |
| **३** | **वित्तिय क्षमता** | **३०** | | |

| | | | | |
|---|---|---|---|---|
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आफ्नै श्रोतबाट लगानी जुटाउन सक्ने | ३० | | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आफ्नै श्रोत र बैंक तथा वित्तीय संस्थाबाट लगानी जुटाउन सक्ने | २५ | | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले बैंक तथा वित्तीय संस्थाबाट मात्र लगानी जुटाउन सक्ने | २० | | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आवश्यक लगानीबारे कुनै योजना उल्लेख नगरेको | ० | | |
| ४ | **संस्थागत क्षमता** | **५** | | |
| | व्यवसायिक क्रियासिलता छैन | ० | | |
| | स्थापना भएको एक वर्ष मात्र भयो | १ | | |
| | स्थापना पश्चात २ वर्ष यता निरन्तर कारोबार गरेको | २ | | |
| | स्थापना पश्चात ३ वर्ष यता निरन्तर कारोबार गरेको | ४ | | |
| | स्थापना पश्चात ३ वर्ष यता | ५ | | |

| | | | | |
|---|---|---|---|---|
| | निरन्तर कारोबार गरेको तथा कारोबारको अभिलेख समेत राखेको | | | |
| ५ | **रोजगारी शृजना र आयस्तर सुधार** | **५** | | |
| | प्रस्तावक र प्रस्तावकको परिवारलाई मात्र रोजगारी उपलब्ध हुने | ३ | | |
| | समुदायका अन्य व्यक्तिलाई दैनिक ज्यालादारिमा रोजगार शृजना हुने | ४ | | |
| | समुदायका अन्य व्यक्तिलाई दैनिक ज्यालादारिमा र मासिक दुबै रोजगारी शृजना हुने | ५ | | |
| ६ | **प्रस्तावित कार्यक्रमले कृषि व्यवसायिकरणमा पार्ने प्रभाव** | **१०** | | |
| | उत्पादित वस्तुले आन्तरिक बजारमा आपुर्तिमा सहयोग पुर्याउने | ७ | | |
| | उत्पादित वस्तुले कृषि व्यवसायिकरणमा सहयोग पुर्याउने | ८ | | |
| | उत्पादित वस्तुले कृषि | ९ | | |

| | | | | |
|---|---|---|---|---|
| | व्यवसायिकरण र आयात प्रतिस्थापन दुबैमा सहयोग पुर्याउने | | | |
| | उत्पादित वस्तुले कृषि व्यवसायिकरण र निर्यात प्रवर्द्धन दुवैमा सहयोग पुर्याउयने | १० | | |
| ७ | **उत्पादित वस्तुको प्रशोधन भण्डारण तथा बजारिकरण** | १० | | |
| | कुनैपनि नभएको | ० | | |
| | उत्पादित वस्तुको बजारिकरणका लागि खरिदकर्ता पहिचान गरेको | ७ | | |
| | उत्पादित वस्तुको भण्डारण तथा खरिदकर्ता पहिचान गरि बजारिकरणका योजना समावेश गरेको | ८ | | |
| | उत्पादित वस्तुको प्रशोधन भण्डारण तथा बजारिकरणका लागि खरिदकर्तासँग औपचारिक रुपमा खरिद सम्झौता गरेको | ९ | | |
| | उत्पादित वस्तुको प्रशोधन, भण्डारण तथा बजारिकरण | १० | | |

| | | | | |
|---|---|---|---|---|
| | आफैले गर्ने | | | |
| **जम्मा** | | | | |

आज्ञाले

गोविन्द भट्टराई

प्रमुख प्रशासकीय अधिकृत